नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
कपिलवस्तु, तौलिहवा

फ्याक्स नं.: ०७६-५६००५१
प्र.जि.अ. निवास:- ०७६-५६०१७०
प्र.जि.अ. कक्ष:- ०७६-५६०१५९
कार्यालय:- ०७६-५६०१५८
कार्यालय:- ०७६-५६०२३०
कार्यालय:- ०७६-५६०११५
कार्यालय:- ०७६-५६०४४५

पत्र संख्या:-०७८।७९

मिति २०७८।०९।२९

## जिल्ला प्रशासन कार्यालय कपिलवस्तुबाट जारी आदेश

कोभिड-१९ संक्रमणले विगतमा कोभिड-१९ संक्रमणका कारण मानवीय क्षति हुनाका साथै विषम परिस्थितिको सामना गर्नु परेको विदितै छ । अहिले संक्रमण दर व्यापक रुपमा फैलिरहेको सन्दर्भमा यसको रोकथाम, नियन्त्रण र उपचारलाई थप प्रभावकारी बनाउन कोभिड-१९ संकट व्यवस्थापन केन्द्र (CCMC) को सिफारिस एवम् गृह मन्त्रालयको निर्णय,जिल्ला कोभिड-१९ व्यवस्थापन समिति(DCMC) को निर्णय, जिल्ला सुरक्षा समितिको निर्णय तथा संक्रामक रोग ऐन, २०२० को दफा २ ले दिएको अधिकार र स्थानीय प्रशासन ऐन, २०२८ को दफा ६ को उपदफा ३ ले दिएको अधिकार प्रयोग गरी यस जिल्लामा मिति २०७८।०९।३० गते बिहान ६:०० बजे देखि अर्को सूचना जारी नभएसम्म लागु हुने गरी देहायको आदेश जारी गरिएको छ ।

१. कोभिड-१९ को बढ्दो संक्रमणलाई दृष्टिगत गरी घर बाहिर वा सार्वजनिक स्थलमा निस्किदा सबैले अनिवार्य रुपमा मास्कको प्रयोग गर्ने, भौतिक दुरी कायम गर्ने, समय समयमा साबुन पानीले हात धुने वा स्यानिटाइजरको प्रयोग गर्ने लगायतका स्वास्थ्य सम्बन्धी मापदण्डको अनिवार्य पालना गर्ने/गराउने, उक्त कार्यमा वडा कार्यालय/ पालिकाहरुले नेतृत्वदायी भूमिका निभाउने र आवश्यकता अनुसार नजिकका सुरक्षा निकाय तथा प्रशासनको सहयोग लिने ।

२. सार्वजनिक स्थलमा सबै प्रकारका धेरै मानिस उपस्थित हुने गरी राजनीतिक, प्रशासनिक, सामाजिक एवम् सांस्कृतिक तथा भीडभाड हुने प्रकृतिका कार्यक्रम नगर्ने/ नगराउने । अत्यावश्यक नियमित कार्यक्रमको हकमा जिल्ला प्रशासन कार्यालयको अनुमति लिएर मात्र स्वास्थ्य सुरक्षा मापदण्डको पालना गरी/ गराई मात्र संचालन गर्ने व्यवस्था मिलाउने ।

३. २५ जना भन्दा बढी मानिसको उपस्थिति हुने गरी कुनै पनि किसिमको मेला, भेला महोत्सव, सडक बजार/ चोकमा भेला हुने एवम् सामाजिक लगायतका कार्यहरु नगर्ने/ नगराउने । उक्त कार्यको नियमित अनुगमन गरिने । माघी पर्वलाई पारिवारिक रुपमा र आ-आफ्नो स्थानका टोल, गाऊँमा मात्र सीमित रही भिडभाड नहुने गरी मनाउने । कृषि उपज खरिद बिक्री बाहेकका हाट बजारहरु नलगाउने व्यवस्था स्थानीय पालिकाले मिलाउने ।

४. सार्वजनिक स्थानहरु (कार्यालय, होटल, रेष्टुरेण्ट, कभर्डहल, स्वीमिङ पुल,पार्क आदि) मा प्रवेश गर्दा यही माघ ७ गते देखि कोभिड - १९ विरुद्धको खोप लगाएको कार्ड (मोबाइलमा फोटो भएपनि हुने ) साथमा राख्ने र यस्ता सबै निकायहरुले खोप कार्ड हेरेर मात्र प्रवेश दिने व्यवस्था गर्ने / गराउने ।

५. यही माघ ७ गते देखि जिल्लाभित्रका सबै सार्वजनिक निकायमा सेवा प्राप्त गर्न खोप कार्ड (मोबाइलमा फोटो भएपनि हुने) अनिवार्य गर्ने / गराउने ।

६. स्वास्थ्य कार्यालयले स्थानीय तहसँग समन्वय गरी कृष्णनगर, खुनुवा, चाकरचौडा तथा अन्य सार्वजनिक स्थानहरुमा आवश्यकता अनुसार निंशुल्क एन्टिजेन टेस्ट बुथहरु स्थापना गर्ने र नियमित परीक्षण गर्ने/ गराउने ।

७. कोभिड-१९ संकट व्यवस्थापन समन्वय केन्द्रको सिफारिसमा नेपाल सरकार शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको सूचना बमोजिम २०७८ माघ १५ गतेसम्म भौतिक उपस्थितिमा पठनपाठन संचालन नगर्ने, नगराउने र पूर्व निर्धारित सेमेष्टर र वार्षिक परिक्षाहरुको हकमा स्वास्थ्य मापदण्ड पालना हुने गरी जेड (Z) आकारमा बसाई परिक्षा सम्पन्न गर्ने / गराउने ।

८. सार्वजनिक सेवा प्रवाहलाई सम्भव भएजति अनलाईन र जुम माध्यमबाट सेवा प्रवाह गर्ने, भौतिक रुपले सेवा गर्नुपर्ने तथा सेवाग्राहीको बढी चाप हुने कार्यालयहरु (जिल्ला प्रशासन कार्यालय, मालपोत कार्यालय, नापी कार्यालय, यातायात व्यवस्था कार्यालय, आन्तरिक राजश्व कार्यालय, बैंक तथा वित्तीय संस्था, स्थानीय तहको कार्यालयहरु आदि) मा भिडभाड नहुने गरी र आवश्यकता अनुसार टोकनप्रणाली अबलम्वन गरी कार्यालय प्रमुखले सेवा प्रवाहको प्रबन्ध मिलाउने ।

चक्रपाणि ... डे
... जिल्ला अधिकारी

९. जिल्लाभित्रका सरकारी अस्पताल र स्थानीय तहले विगतमा संचालन गरेका कोभिड-१९ उपचार केन्द्र तथा आइसोलेसन केन्द्रलाई सुदृढ गरी संचालनमा ल्याउन दुरुस्त अवस्थामा राख्ने ।

१०. सार्वजनिक सवारी साधनहरु स्वीकृत सिट क्षमताभन्दा बढी यात्रु नराख्ने, सबै यात्रुहरुले अनिवार्य रुपमा मास्क लगाउने अन्यथा सवारी साधनमा प्रवेश गर्न नदिने,चालक र सहचालकले अनिवार्य मास्क, भाइजर, पन्जा लगाउने र अनिवार्य रुपमा सवारी साधन दैनिक स्यानिटाइज गर्नुपर्ने, उक्त कार्यको प्रहरी युनिटहरुले निगरानी राखी कार्यान्वयन गराउने ।

११. औषधि लगायत अत्यावश्यक वस्तु तथा सेवाको आपूर्तिमा कृत्रिम अभाव सृजना गर्ने, मूल्य वृद्धि गर्ने, लुकाउने, जम्माखोरी गर्ने, सहज आपूर्तिमा अवरोध गर्ने व्यक्ति वा संस्था उपर कानून बमोजिम कारवाही गरिने ।

१२. कोभिड-१९ को लक्षण देखिएका तथा संक्रमितको सम्पर्क (Contact Tracing) मा परेका व्यक्तिहरुले नेपाल सरकारले नि: शुल्क व्यवस्था गरेको एन्टिजेन तथा पिसिआर परीक्षणका लागि सम्बन्धित स्थानीय तहसँग सम्पर्क गरी परीक्षण गराउने, भिडभाडबाट बच्न तथा बचाउन सतर्क रही स्वास्थ्य मापदण्डको प्रभावकारी पालना गर्ने/ गराउने ।

१३. लक्षण देखिएका वा साधारण लक्षण देखिएका विरामीको हकमा होम आईसोलेसनलाई प्राथमिकता दिने र सम्बन्धित पालिकाका नजिकका स्वास्थ्य संस्थाबाट अवस्थाको जानकारी अद्यावधिक गरी जनस्वास्थ्य कार्यालय र सम्बन्धित निकायमा प्रतिवेदन गर्ने । साथै जटिल विरामीलाई तोकिएका कोभिड-१९ अस्पतालमा उपचारको व्यवस्था मिलाउन वडा तथा पालिकाले समन्वय गर्ने ।

१४. औद्योगिक तथा व्यवसायिक संस्था, विकास निर्माण, परियोजना, फर्म तथा पसलहरुले स्वास्थ्य मापदण्ड पालना गरी/ गराई औद्योगिक तथा व्यवसायिक गतिविधि संचालन गर्ने ।

१५. कृष्णनगर नाका लगायत अन्यत्रबाट नेपाल प्रवेश गर्ने यात्रुले हेल्थ डेस्कमा गई स्वास्थ्य परीक्षण गराउन र स्वास्थ्य सुरक्षा मापदण्ड पालना गर्नु / गराउनु पर्नेछ । सम्बन्धित स्थानीय तहले हेल्थ डेस्क संचालन/ व्यवस्थापन गर्ने ।

१६. कोभिड-१९ को सम्भावित तेस्रो लहरबाट जोगिन उपयुक्त स्वास्थ्य सतर्कता अपनाउने र जनस्वास्थ्य मापदण्डको कडाईका साथ पालन गर्न / गराउन खोप लगाउन बाँकी रहेका व्यक्तिले नजिकको खोप केन्द्रमा गई खोप लगाउने सम्बन्धी सूचना प्रकाशन तथा प्रसारणका लागि जिल्लास्थित सबै स्थानीय तह, स्वास्थ्य कार्यालय,संचार माध्यमहरुलाई विशेष अनुरोध गरिएको छ ।

१७. उल्लिखित आदेशको पालना गर्नु सबैको कर्तव्य हुनेछ । यसको अवज्ञा गर्नेलाई संक्रमण रोग ऐन, २०२० र स्थानीय प्रशासन ऐन, २०२८ बमोजिम कारवाही गरिनेछ । संक्रमण बढ्न गएमा यस आदेशमा भएका व्यवस्थाहरु कुनै पनि बेला पुनरावलोकन गरी आदेश जारी गरिनेछ ।

१८. यस आदेश पालनाको लागि सर्वसाधारण नागरिक स्थानीय तहहरु, राजनीतिक दलहरु, संघ/ संस्था उद्योग/ व्यवसायी तथा अन्य सम्बन्धित सरोकारवालाहरुमा हार्दिक अनुरोध गरिन्छ । साथै जिल्लाका सबै सञ्चारमाध्यमहरुले प्रचारप्रसार गरिदिनु हुन समेत अनुरोध गरिन्छ ।

२०७८।८।२५

चक्र पाणी पाण्डे
प्रमुख जिल्ला अधिकारी